नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ

बागमती प्रदेश

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेशी, धादिङ बागमती प्रदेश, नेपाल

## नदी/ खोलाबाट खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री गर्ने कार्यको ठेक्का सम्बन्धी बोलपत्र आव्हानको सूचना ।

(प्रथम पटक सूचना प्रकाशन मिति: २०८३।०६।०८)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६४ को बुँदा नं. च र यस नीलकण्ठ नगरपालिकाको आर्थिक ऐन, २०८ तथा प्रदेश आर्थिक ऐन, २०८३ को दफा ९ को उपदफा १ को व्यवस्था बमोजिम नीलकण्ठ नगरपालिका अन्तर्गत तपशिल उल्लिखित खोलाहरूको स्वीकृत विन्दुहरुबाट निर्धारित मापदण्ड बमोजिम IEE प्रतिवेदन अनुसार नदीजन्य पदार्थ उत्खन संकलन तथा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले तपसिल बमोजिमव शर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ

### तपसिल

| सि.नं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खन्न परिमाण (घन फिट) | न्युनतम रकम (मु.अ. कर सहित) | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | **Rajaswa-02/2083/084** | **Extraction of River Bed Material of Thopal Khola** | **3,99,338.25** | **31,58,765.55/-** | 5% कबोल अंकको | **3,000/-** |
| २ | **Rajaswa-03/2083/084** | **Extraction of River Bed Material of Aakhu Khola** | **21,18,600** | **1,67,58,126/-** | 5% कबोल अंकको | **3,000/-** |

१ फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०८१/०८२ को करचुक्ता प्रमाणपत्रक प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत रु. ३०००/ (तिन हजार पछी फिर्ता नहुने) तिरी सक्कल नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले २१ औं दि भित्र कार्यालय समयसम्ममा नीलकण्ठ नगर कार्यपालिकाको कार्यालयबाट बोलपत्र फाराम खरिद गरी २२ औं दिनको १२.०० बजे भि रीतपूर्वकको बोलपत्र पेश गर्नुपर्नेछ ।प्राप्त हुन आएका बोलपत्र दर्ता गर्ने म्याद सकिएको दिन दिउसो २:०० बजे यस कार्यालयम कार्यालयका प्रतिनिधीहरु र दरभाउ पत्र दाताहरुको रोहबरमा खोलिने छ । साथै प्रस्ताव खोल्ने समयमा दरभाउपत्र दाताको प्रतिनिध उपस्थित नभएमा खोल्न कुनै बाधा पर्ने छैन ।

२ बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरला मान्यता दिइनेछ । आफुले कबोल गरेको अंकको पाँच प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयमा नगदै तिरेको व

राष्ट्रिय वाणिज्य बैंक धादिङबेसी शाखा कार्यालयमा रहेको यस कार्यालयको धरौटी खाता नं. १०३०१००३०३००००००६ मा नग जम्मा गरेको सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनक म्याद सहित जारी गरिएको जमानतपत्र पेश गर्नु पर्नेछ ।

३ खरिद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी ग खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्प खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डक प्रति दर्ता गर्नु पर्नेछ ।

४ प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १२ औं दिन दिनको ११ बजे नीलकण्ठ नगरपालिकाको कार्यालयमा हुनेछ । इच्छु बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५ बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयम सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा सो को सूचना भएको मितिले १५ दिनभित्र सम्बन्धितले कबोल अंकको १३ प्रतिशतले हुने मू.अ.कर र १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर रकम आ.रा.का.मा दाखिला भएको प्रमाण सहित कबोल अंकको ६० प्रतिशतले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी र बाँकी ४० प्रतिशत बराबर रकमको २०८४ जेठ मसान्तसम्म म्याद भएको बैंक जमानत पत्र वा नगदै दाखिला गरेपछि मात्र कार्यदेश प्राप्त गर्न सक्नेछ । बाँकी ४० प्रतिशतले हुन आउने रकम २०८३ माघ मसान्त भित्र दाखिला गरी सक्नु पर्नेछ ।

७ तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नीलकण्ठ नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

८ उल्लेखित शर्तहरु पालना गर्ने गराउने जिम्मेवारी स्वयं बोलपत्रदाताको हुनेछ । कुनै पनि शर्त पालना नगरेको खण्डमा नीलकण्ठ नगर कार्यपालिकाको निर्णय बमोजिम बोलपत्रदाताबाट जरिवाना असुल गरी ठेक्का समेत तोड्न सकिनेछ ।

९ पूर्ण विवरणको सुचना यस कार्यालयको सुचनापाटीमा टाँस गरिनुका साथै वेभपेज www.neelakanthamun.gov.np मा राखिएको छ। साथै विस्तृत जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको सम्पर्क नं. ०१०-५२०५६८ मा सम्पर्क राख्न सकिने छ ।

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

..................
(हरिदत्त कंडेल)
प्रमुख प्रशासकीय अधिकृत